# महावै राजपत्र


## महावै गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या १४ मिति २०८० माघ २८ गते


## भाग २

## महावै गाउँ कार्यपालिकाको कार्यालय

महावै गाउँ सभाले बनाएका तल उल्लेखित ऐन कर्णाली प्रदेशको गाउँ सभा नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ उपदफा (५) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

**संवत् २०८० सालको कार्यविधि नं. १४**

**"महिला विकास समिति गठन तथा परिचालन कार्यविधि, २०८०"**

## प्रस्तावनाः

महावै गाउँपलिका क्षेत्रभित्रका महिला जनप्रतिनिधिको नेतृत्वमा सरोकारवाला महिलाहरुको प्रतिनिधित्व महिला विकास समिति मार्फत सुनिश्चित गर्दै सामाजिक विकास समितिको प्रत्यक्ष मातहतमा रहने गरी महिला विकास सम्बन्धि गाउँपालिका स्तरीय नीति निर्माण देखि कार्यान्वयन तहसम्म आवश्यकता अनुसार उनीहरुलाई संलग्न गराई समग्र महावै गाउँपालिकाको विकासको मूलप्रवाहमा राज्यको नीति अनुसार महिलाहरुको अभिन्न आवश्यकता रहेको र महिला अधिकारको संरक्षण र सम्बर्धनका लागि वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ को अधिकार प्रयोग गरी यस महावै गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

**१) यस कार्यविधिको नाम "महिलिा विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७९" रहेको छ । यो कार्यविधि महावै गाउँपालिका राजपत्रमा प्रकाशन पछि लागू हुनेछ ।**

**२) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"अध्यक्ष"** भन्नाले यस कार्यविधिको नियम ६ बमोजिम गठन हुने परिषद्को अध्यक्षलाई सम्झनु पर्दछ ।

ख) **"कार्यपालिका"** भन्नाले महावै गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

ग) **"कार्यालय" भन्नाले महावै गाउँपलिकाको कार्यालय सम्झनुपर्दछ ।**

घ) **"कार्यविधि"** भन्नाले महिला विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७९ सम्झनु पर्दछ ।

ङ) **"परिषद्"** भन्नाले कार्यविधि नियम ६ को परिषदलाई सम्झनु पर्दछ ।

च) **"वडा"** भन्नाले महावै गाउँपालिका क्षेत्रभित्रका वडा सम्झनुपर्दछ ।

ज) **"वडा समिति"** भन्नाले महावै गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित वडा समितिलाई सम्झनु पर्दछ ।

झ) **"वडाध्यक्ष"** भन्नाले महावै गाउँपालिका मातहतका सम्बन्धित वडाका वडाअध्यक्षलाई सम्झनु पर्दछ ।

**ञ)** **"वडा सचिव"** भन्नाले महावै गाउँपालिका मातहत भित्रका वडा कार्यालयका सचिवलाई सम्झनु पर्दछ ।

ट) **“समिति”** भन्नाले कार्यविधिको नियम ३ बमोजिम प्रत्येक वडामा गठन हुने महिला विकास समिति सम्झनु पर्दछ।

ठ) **“सदस्य”** भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समिति तथा परिषद्का सदस्यलाई सम्झनु पर्दछ।

ड) **“सामाजिक विकास समिति”** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सामाजिक क्षेत्र हेर्ने कार्यपालिका मातहतको सामाजिक विकास समितिलाई सम्झनु पर्दछ।

ढ) **“संयोजक”** भन्नाले यस कार्यविधिको नियम ३ बमोजिम गठन हुने महिला विकास समितिका संयोजकलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## महिला विकास समिति सम्बन्धी व्यवस्थाः

**३. महहिला विकास समितिको गठनः**

**१) पत्येक वडामा महिला विकास सम्बन्धि योजना तथा कार्यक्रम गर्ने काम समेतका लागि एक महिला विकास समिति रहनेछ।**

**२) समिति गठन देहायक बमोजिम हुनेछ :**

क) सम्बन्धित वडा समितिले तोकेको सम्बन्धित वडाको महिला जनप्रतिनिधिहरु मध्येबाट एकजान
-संयोजक

ख) सम्बन्धित वडाभित्रका टोल विकास संस्थाका अध्यक्ष वा निजले तोकेको टोल विकास संस्थाको पदाधिकारी वा सदस्यहरु एक/एक जना
-सदस्य

ग) महिलाको हक, हितको संरक्षण र सम्बर्द्धन वा समाज सेवाको क्षेत्रमा विशेष योगदान पुऱ्याएका महिलाहरु मध्येबाट वडा समितिबाट मोनोनित चार जना -सदस्य

घ) वडा सचिव वा निजले तोकेको कर्मचारी
-सदस्य सचिव

३) उपनियम (२) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा वडा समितिले गर्नेछ।

४) मानोनित सदस्यहरुको पावधि दुई वर्षको हुनेछ।

५) उपनियम (४) मा जुनसुकै कुार लेखिएको भएता मिति कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी समितिका बहुमत सदस्यले ठहर गरी वडा समितिमा सिफारिस गरेमा वडा समितिले त्यस्तो सदस्यलाई जुनसुकै समयमा

पदबाट हटाउन सक्नेछ । तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

४. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक सम्बन्धित वडा कार्यालयमा बस्नेछ ।

२) संयोजकले तोकेको मिति र समयमा समितिको बैठक बस्नेछ ।

३) समितिको बैठक हुनुभन्दा कम्तीमा चौविस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य सचिवले सदस्यहरुलाई दिनेछ ।

४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको  मानिनेछ ।

५) समितिको बैठककमा बहुमतको राय  मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

६) समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

७) समितिको बैठकमा वडाध्यक्षलाई आमन्त्रण गर्नु पर्नेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिको अन्यत्र नियममा उल्लिखित काम, कार्तव्य र

अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार  देहायक बमोजिम हुनेछ :

क) वडा भित्रका टोल विकास संस्थाहरुले सम्पादन गर्ने कार्यमा आश्यक समन्वय तथा सहजीकरण गर्ने ।

ख) महिला सशक्तीकरण तथा मूल प्रवाहीकरण सम्बन्धी कार्यक्रमहरुको तर्जूमा गरी वडा समितिमा पेश गर्ने ।

ग) वडा भित्र क्रियाशील महिलासँग सम्बन्धित संघ संस्थाहरुबीच आवश्यक समन्वय एवम् सहजीकरण गर्ने ।

घ) वडाभित्रका महिलाहरुलाई उद्यमशील बनाउनका लागि आवश्यक क्षेत्र पहिचान गरी वडा समितिमा सिफरिस गर्ने ।

ङ) महिलालाई सर्वाङ्गीण विकासको मूल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्यहरु सञ्चालन गर्ने, गराउने ।

च) महिलालाई विकास निर्माण तथा समाज सेवको क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गर्ने, गराउने ।

छ) महिलासँग सम्बन्धित विभिन्न संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने, गराउने ।

ज) लिङ्गिक हिँसा नियन्त्रणका आवश्यक कार्यक्रमहरुको तर्जुमा गरी वडा समितिमा पेश गर्ने ।

झ) कार्यपालिका तथा वडा समितिले तोकेको अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद ३

## महिला विकास परिषद् सम्बन्धी व्यवस्था

**६. परिषद्को गठनः**

**१**) कार्यपालिका मातहतको सामाजिक विकास समितिको प्रत्यक्ष मातहतमा रहने गरी गाउँपालिका स्तरीय एक महिला विकास परिषद्को गठन देहाय बमोजिम हुनेछ :

**क**) सबै वडाका समितिका संयोजकहरु मध्येबाट आफूले छानेको एकजना -अध्यक्ष

**ख**) सबै वडाका महिला विकास समितिका संयोजक -सदस्य

**ग**) सबै वडा भित्र रहेका टोल विकास संस्थाका अध्यक्षहरु मध्येबाट एक/एक जना समेटिने गरी कार्यपालिकाले मनोनयन गरेका पाँचजना -सदस्य

**घ**) महिलाको हक, हितको संरक्षण र सम्बर्द्धन वा समाज सेवाको क्षेत्रमा विशेष योगदान पुऱ्याएका महिलाहरु मध्येबाट कार्यपालिकाबाट मानेनित सातजना -सदस्य

ङ) कार्यालयको महिला विकास शाखा हेर्ने शाखा प्रमुख
-सदस्य सचिव

२) उपनियम १) को खण्ड ग) र घ) बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा गरिनेछ ।

३) मनोनित सदस्यहरुको पदाविधि दुई वर्षको हुनेछ ।

४) उपनियम ३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मवारी पूरा नगरी परिषद्को बहुमत सदस्यले ठहर गरी सामाजिक विकास समिति मार्फत कार्यपालिकामा सिफारिस गरेमा कार्यपालिकाले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ । तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**७. परिषद्को बैठक र निर्णयः**

१) परिषद्को बैठक कम्तीमा तिन महिनामा एक पटक बस्नेछ ।

२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा पाँच दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य सचिवले सदस्यहरुलाई दिनेछ ।

४) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थित भएमा परिषद्को बैठकको लागि गणपुर संख्या पुगेको मानिनेछ ।

५) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

६) परिषद्को बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गर्नेछ ।

७) परिषद्को बैठकमा संरक्षकलाई अनिवार्य आमन्त्रण गर्नु पर्नेछ ।

**८. परिषद्को काम, कर्तव्य र अधिकारः**

यस कार्यविधिको अन्यत्र नियममा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) महिला विकास सम्बन्धी गाउँपालिका स्तरीय दिर्घकालिन नीतिको मस्यौदा तर्जुमा गरी सामाजिक विकास समितिमा पेश गर्ने ।

ख) महिला लक्षित गाउँपीलका स्तरीय वार्षिक कार्यक्रमहरुको तर्जुमा गरी सामाजिक विकास समितिमा पेश गर्ने ।

ग) गाउँपालिका क्षेत्रभित्र क्रियाशील महिलासँग सम्बन्धित विभिन्न संघ संस्थाहरुलाई गाउँपालिकामा

सूचिकृत गर्ने र उल्लेखित संस्थाहरुको काम कारवाहीको रेखदेख तथा नियमन गर्ने ।

घ) गाउँपालिका क्षेत्रभित्रका महिलाहरुलाई उद्यभशीलता बनाउनका लागि आवश्यक क्षेत्र पहिचान गरी सामाजिक विकास समितिमा सिफारिस गर्ने ।

ङ) गाउँपालिका क्षेत्रभित्रका महिलाहरुलाई विकासको मूल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्य सञ्चालन गर्ने, गराउने ।

च) महिला विकास, सशक्तिकरण एवम् मूल प्रवाहीकरण सम्बन्धि विषयमा सामाजिक विकास समितिमा सिफारिस गर्ने ।

छ) गाउँपालिका क्षेत्रभित्रका महिलाहरुलाई विकास निर्माण तथा सामाज सेवाको क्षेत्रमा स्वयं सेवकको रुपमा परिचालन गर्ने, गराउने ।

ज) गाउँपालिकामा सूचीकृत महिला सम्बन्धी संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने, गराउने ।

झ) कार्यपालिका तथा सामाजिक विकास समितिले तोकेको अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद ५

## विविध

**९. भाग लिन नहुने:** परिषद् र समितिका कुनै सदस्य वा पदाधिकारीले आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुँदैन ।

**१०. उपसमिति वा कार्यदल गठन गर्न सक्ने:** परिषद् वा समितिले यस कार्यविधि बमोजिम आफूले गर्नु पर्ने कुनै कार्य सम्पादन गर्नका निमित्त आवश्यकता अनुसार बढीमा पाँच सदस्यीय उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

**११. पारिश्रमिक, सुविधा तथा बैठक भत्ता:** १) समिति र परिषद्का पदाधिकारी तथा सदस्यले कार्यपालिकाले तोके बमोजिमको दरमा बैठक भत्ता पाउनेछन्।

२) वर्षमा बढीमा छ वटा सम्म बस्ने बैठकको लागि मत्र बैठक भत्ता उपलब्ध गराइनेछ।

**१२. वार्षिक प्रतिवेदन:** १) समितिले आफूले वर्षभरीमा सम्पादन गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र सम्बन्धित वडाका वडाध्यक्ष र परिषद् समक्ष पेश गर्नु पर्नेछ र वडाध्यक्षले उक्त प्रतिवेदन वडा समितिको बैठकमा प्रस्तुत गरी सामाजिक विकास समितिमा पेश गर्नु पर्नेछ।

२) परिषद्ले आफूले वर्षभरीमा सम्पादन गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र सामाजिक विकास समितिका संयोजक समक्ष पेश गर्नु पर्नेछ र सामाजिक विकास समितिको संयोजकले उक्त प्रतिवेदन सामाजिक विकास समितिको बैठकमा प्रस्तुत गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ।

**१३. निर्देशन दिन सक्ने:** १) कार्यपालिका तथा सामाजिक विकास समितिले दिएको निर्देशन पालना गर्नु यस कार्यविधि बमोजिम गठित समिति र परिषद्को कर्तव्य हुनेछ।

**१४. संरक्षक सम्बन्धी व्यवस्थाः** १) परिषदेको संरक्षक सामाजिक विकास समितिका संयोजक हुनेछन् ।

२) समितिको संरक्षक सम्बन्धित वडाका वडाध्यक्ष हुनेछन् ।

**१५. सहयोग गर्नु पर्नेः** यस कार्यविधि बमोजिम गठित परिषद् र समितिको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१६. समिति र परिषद्को विघटनः** १) यस कार्यविधिमा उल्लेखित उद्देश्य बमोजिम काम गर्न नसक्ने समितिलाई सम्बन्धित वडाको वडा समितिले विघटन गर्न सक्ने र सोको जानकारी सामाजिक विकास समितिलाई गराउनु पर्नेछ ।

२) यस कार्यविधिमा उल्लेखित उद्देश्य बमोजिम काम गर्न नसक्ने परिषद्लाई सामाजिक विकास समितिको सिफारिसमा कार्यपालिकाले विघटन गर्न सक्नेछ ।

**१७. विषयगत समितिका संयोजक परिषद्को अध्यक्ष हुन नपाउनेः** यस कार्यविधिको अन्यत्र नियममा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ कार्यपालिका मातहतको विषयगत समितिको संयोजकहरु यस कार्यविधि बमोजिम गठन हुने परिषद्को अध्यक्ष हुन पाउने छैनन् ।

**१८. कार्यपालिका सँग सम्पर्कः** परिषद्ले कार्यपालिका सँग सम्पर्क राख्नु पर्दा सामाजिक विकास समिति

मार्फत राख्नु पर्नेछ ।

**१९. मापदण्ड बनाउने अधिकार:** यस कार्यविधिको कार्यान्वयन गर्नका लागि सामाजिक विकास समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक मापदण्डको तर्जुमा गर्न सक्नेछ ।

**२०. बाधा अड्काउ फुकाउने:** यस कार्यविधिमा उल्लेखित प्रावधान कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ आइ परेमा कार्यपालिकाले निर्णय गरि बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१) कानूनी तथा नियामक व्यवस्था**

यस कार्यविधिको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आवश्यक कानूनी तथा नियामक व्यवस्था मिलाइनेछ ।

**२) अनुगमन तथा मूल्याङ्कन**

क) यस कार्यविधिलाई समय तालिका सहितको कार्य योजना बनाई कार्यान्वयन गरीने छ ।

ख) कार्यविधि कार्यान्वयनको अनुगमन गर्न अनुगमन तथा मूल्याङ्क प्रारुप (Monitoring and Evaluation Framework) तयार गरिनेछ । साथै यो नीति कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने दायित्व पालिका स्तरीय समितिको हुनेछ ।

**३) पूर्वानुमान तथा जोखिम**

प्रस्तुत कार्यविधि तर्जुमा गर्दा देहाय बमोजिमको पूर्वानुमान गरिएको छ ।

**पूर्वानुमान**

क) प्रारम्भिक चरणमा अधिकतम मात्रामा लक्षित वर्गहरुलाई समेट्न कार्यक्रमको व्यवस्थापन खर्चका लागि बजेटको विशेष व्यवस्था हुने ।

ख) महिलाहरुको आधारभूत आवश्यकताको ग्यारेन्टि सहित सुनिश्चित गर्न सहज हुने ।

**जोखिम**

प्रस्तुत कार्यविधि तर्जुमा गर्दा देहाय बमोजिमको जोखिम हुन सक्ने अनुमान गरिएको छ ।

क) प्रारम्भिक चरणमा अधिकतम मात्रामा लक्षित वर्गहरुलाई समेट्न कठिन हुन सक्ने तसर्थ सहभागिता न्यून हुनसक्ने ।

ख) बजेट व्यवस्थापन तथा संचालन गर्न कठिन हुन सक्ने ।

**५) खारेजी तथा बचाउ**

- कार्यविधि जारी हुनुभन्दा अगाडि भएको गरेको व्यवस्था यसै कार्यविधि बमोजिम भएको मानिनेछ । साथै कार्यविधि संघीय एवं प्रादेशिक कानूनसँग बाझिएको हदसम्म अमान्य हुनेछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक

भएमा त्यस्तो निर्णय महावै गाउँपालिकाको अधिकार प्राप्त निकायले गर्नेछ ।

- यो कार्यविधिमा कुनै बाधा अड्काउ परेको खण्डमा महावै गाउँपालिकाको कार्यपालिकाको बैठकले गाउँ सभामा प्रस्ताव पेश गरि आवश्यकता र औचित्यताको आधारमा कार्यविधिको व्यख्या, परिमार्जन/संशोधन र खारेजी गर्न सक्नेछ ।

.

प्रमाणीकरण मिति २०८०।०३।११

आज्ञाले
प्रकाश शाही
नि प्रमुख प्रशासकीय अधिकृत
मिति २०८०।०३।२१